**मेरिङदेन गाउँ कार्यपालिका बैठक**

**बैठक संख्या: ०६**

**मिति:** २०७७/११/२२

**नेपालको संविधानको धारा २१४ (४) मा गाउँपालिकाको कार्यकारिणी कार्य गाउँ कार्यपालिकाको नाममा हुने व्यवस्था भएकोले मेरिङदेन गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिका अध्यक्ष श्री गणेश बहादुर लिम्बुज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा मेरिङदेन-३ खाम्लुङ स्थित दोभान बजारको आगलागी प्रकोप क्षेत्रमा बैठक बसी देहाय अनुसार निर्णयहरु गरियो।**

**उपस्थिति:**

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश बहादुर लिम्बु | अध्यक्ष | |
| २. | श्री कल्पना तुम्बाहाम्फे | उपाध्यक्ष | |
| ३. | श्री लाक्पा तेम्बा शेर्पा | सदस्य | |
| ४. | श्री केदार जंग लिम्बु | सदस्य | |
| ५. | श्री गणेश प्रसाद भण्डारी | सदस्य | |
| ६. | श्री टेक बहादुर हाङगाम | सदस्य | |
| ७. | श्री जय बहादुर खड्का | सदस्य | |
| ८. | श्री ठाकुर सिं लिम्बु | सदस्य | |
| ९. | श्री पुष्पा लिम्बु | सदस्य | |
| १०. | श्री विष्णुमाया लिम्बु | सदस्य | |
| ११. | श्री गौमाया साँबा | सदस्य | |
| १२. | श्री सुर्यमान बराइली | सदस्य | |
| १३. | श्री दोर्जी शेर्पा | सदस्य | |
| १४. | श्री डम्बर बहादुर आङदेम्बे | सदस्य-सचिव | |

**निर्णय नं. १.**

मेरिङदेन गाउँपालिका वडा नं. ३ खाम्लुङ स्थित दोभान बजारमा मिति २०७७/११/१८ गते करीब बिहानको ०९:०० बजे लागेको आगलागीबाट विस्थापित भएका अग्नि पीडित ६० परिवारहरुलाई प्रति परिवार नगद रु. १५,०००/- (अक्षरेपी पन्ध्र हजार रुपैंया मात्र) गरी कुल रकम रु. ९,००,०००/- (अक्षरेपी नौ लाख रुपैंया मात्र) वितरण भएको रकम अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. २.**

मेरिङदेन गाउँपालिका वडा नं. ३ खाम्लुङ स्थित दोभान बजारमा मिति २०७७/११/१८ गते करीब बिहानको ०९:०० बजे लागेको आगलागी नियन्त्रणमा सहयोग पुर्‍याई थप क्षति हुनबाट बचाउने श्री गजुरमुखी निर्माण सेवा ईलाम, श्री आङबुहाङ कन्स्ट्रक्सन ताप्लेजुङ, श्री हिमालयन कन्स्ट्रक्सन ताप्लेजुङ, श्री फुङलिङ नगरपालिका ताप्लेजुङ, श्री फिदिम नगरपालिका पाँचथर, नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी तथा स्थानीय वासिन्दाहरुलाई धन्यवाद व्यक्त गर्ने निर्णय गरियो।

**निर्णय नं. ३.**

मेरिङदेन गाउँपालिका वडा नं. ३ खाम्लुङ स्थित दोभान बजारमा लागेको आगलागीबाट प्रभावित भएका अग्नि पीडित घर परिवारहरुलाई देश तथा विदेशका सरकारी तथा गैरसरकारी संघ-संस्था, दातृ निकायहरु तथा व्यक्तिहरुबाट उपलब्ध भएको राहत सामाग्री तथा नगद विवरण सार्वजनिकिकरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ४.**

मेरिङदेन गाउँपालिका वडा नं. ३ खाम्लुङ स्थित दोभान बजारमा लागेको आगलागीबाट प्रभावित भएका अग्नि पीडित घर परिवारहरुको राहत तथा पुर्नस्थापनको लागि गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधीहरु ३३ जनाबाट १५ दिनको सेवा सुविधा वापतको रकम तथा गाउँ कार्यपालिकाको कार्यालय, स्वास्थ्य चौकी, वडा कार्यालय, सामुदायिक स्वास्थ्य इकाई र ३६ वटा विद्यालयहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरु/शिक्षकहरुको १ (एक) दिनको तलब बराबरको रकम प्रकोप व्यवस्थापन कोषमा दाखिला गर्ने निर्णय गरियो।

**निर्णय नं. ५.**

मेरिङदेन गाउँपालिका वडा नं. ३ खाम्लुङ स्थित दोभान बजारमा लागेको आगलागीबाट प्रभावित भएका अग्नि पीडित घर परिवारहरुको राहत तथा पुनर्स्थापनाको लागि रकम उपलब्ध गर्न चाहने संघ, संस्था तथा व्यक्तिहरुलाई मेरिङदेन गाउँपालिकाको नाममा रहेको नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेड प्रकोप व्यवस्थापन खाता-१ कोड ग-७.२ खाता नं. १५३००००००६०१ मा जम्मा गर्ने/गराउने निर्णय गरियो।

**निर्णय नं. ६.**

मेरिङदेन गाउँपालिका वडा नं. ३ खाम्लुङ स्थित दोभान बजारको अधिकांश क्षेत्र आगलागीबाट नष्ट भएको हुँदा नमुना बजार पुनर्स्थापना तथा पुननिर्माणको लागि तपशिल बमोजिमको मापदण्ड तय गरी कडाईका कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपशिलः-**

१. घर निर्माणमा इट्टा तथा ढुङ्गा प्रयोग गरी पिलर सहित अनिवार्य पक्की घर निर्माण गर्ने/गराउने,
२. घर नक्शा पास नि:शुल्क गर्ने,
३. घर नक्शाको ड्रईङ डिजाईनको लागत बढीमा रु. १५,०००/- (अक्षरेपी पन्ध्र हजार रुपैंया मात्र) सम्मको खर्च व्यहोर्ने,
४. प्रज्वलनशिल पदार्थको बिक्री वितरण नेपाल आयल निगमको मापदण्ड बमोजिम कार्यान्वयन गर्ने/गराउने,
५. बजार भित्रको सडकको क्षेत्राधिकार न्यूनतम ६ मिटर तोक्ने, बजार भित्रको सडक र मुख्य सडक जोड्ने नयाँ २ वटा सडकको क्षेत्राधिकार कम्तीमा ३.५ मिटर तोक्ने,
६. मुख्य सडकको क्षेत्राधिकार तमोर करिडोर आयोजना तथा सडक डिभिजनसँग समन्वय गरी कार्यन्वयन गर्ने,
७. नेपाल टेलिकमको टावर पुनर्स्थापना गर्नको लागि अनुरोध गर्ने,
८. क्षतिग्रस्त झोलुङ्गे पुलको मर्मत संभारको लागि TBSU धरानसँग अनुरोध गर्ने,
९. व्यवसायीहरुको स्टक मिलान, कर दाखिला, कर समायोजनको लागि सम्बन्धित कर कार्यालयमा थप समयको लागि अनुरोध गर्ने,